# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल
२०७३

**मिति : २०७८/१०/१४**

## व्यवसाय दर्ता गर्ने सम्बन्धी सार्वजनिक सूचना

नेपालको संविधान अनुसार देशमा संघ, प्रदेश र स्थानीय सरकार गरि तिन तहको सरकार संचालनमा रहेको व्यहोरा विदितै छ। यस गाउँपालिकाबाट संचालन हुने अधिकांश विकास निर्माणका कार्यहरु तथा अन्य योजना तथा कार्यक्रमहरु संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएका रकमबाट संचालन हुने गरेको छ । तर यो प्रावधानमा दिगोपन (Sustainability) नरहेको कुरा सजिलै बुझ्न सकिन्छ। यस गाउँपालिका र गाउँवासीहरुको दिगो र दुरदर्शी विकासको लागि सकेसम्म प्रसौनी गाउँपालिका आफैमा आत्मनिर्भर हुन अत्यन्त आवश्यक रहेको देखिन्छ । अत: प्रसौनी गाउँपालिकालाई आत्मनिर्भर बनाउन र गाउँवासीहरुको प्रगतिशील र दिगो विकासको कल्पना गर्दै कर प्रयोजनार्थ यस कार्यालयले **प्रसौनी गाउँपालिकाको उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७८** बनाई प्रसौनी राजपत्रमा समेत प्रकाशन गरि सर्वसाधारणको लागि जारी गरेको छ । उक्त कार्यविधि यस कार्यालयको वेबसाईट **www.prasaunimun.gov.np** मार्फत समेत उपलब्ध गराईएको छ। केन्द्रीय वा प्रादेशिक कार्यालयहरु जस्तै नेपाल राष्ट्र बैंक, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, इत्यादीमा दर्ता भई प्रसौनी गाउँपालिकाको क्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरु (उद्योग, व्यापार, मिल, सेलर, पेट्रोल पम्प, पसलहरु, पार्लर, सैलुन, सर्भिस सेन्टर, होटेल, बैंक तथा वित्तीय संस्थाहरु, इत्यादी) उक्त कार्यविधिको **दफा ३ को उपदफा २** बमोजिम यस कार्यालयमा अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था छ। सोहि बमोजिम **अनिवार्य रुपमा** यस कार्यालयको **व्यवसाय दर्ता शाखामा** गाउँपालिकाको प्रचलित आर्थिक ऐन बमोजिम दस्तुर तिरी **यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र** दर्ता हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

दर्ताको लागि उक्त कार्यविधिको **अनुसूची-१** बमोजिमको निवेदन र सोहि अनुसूचीमा उल्लेखित कागजातहरु उपलब्ध गराउनु पर्नेछ। अनुसूची-१ बमोजिमको निवेदन फारम यस कार्यालयको वेबसाईट **www.prasaunimun.gov.np वा व्यवसाय दर्ता शाखाबाट** प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ।

**समयभित्र** दर्ता नहुने व्यवसायहरुको हकमा केन्द्रीय तथा प्रादेशिक कार्यालयहरुबाट प्राप्त हुने सेवाहरु रोक्का गर्न पत्राचार गरिनेछ र यस कार्यालयबाट पनि कुनै सेवा उपलब्ध गराइने छैन। साथै व्यवसाय बन्द गराउने देखि लिएर कानून बमोजिम थप कारवाही गरिनेछ। यस्तो कारवाही हुन गएमा त्यस्तो व्यवसाय संचालन गर्ने व्यवसायी स्वयम् जिम्मेवार हुनेछ।

थप जानकारीको लागि यस कार्यालयको **व्यवसाय दर्ता शाखामा** सम्पर्क गर्नुहोला।

| | | |
|---|---|---|
| Gupta २०७८/१०/१४ | | |
| **राहुल गुप्ता** | **सुनिल प्रसाद केशरी** | **भोला प्रसाद गुप्ता** |
| **दर्ता गर्ने अधिकारी** | **प्रमुख प्रशासकीय अधिकृत** | **गाउँपालिका अध्यक्ष** |
| राहुल गुप्ता<br>प्रशासकीय अधिकृत | सुनिल प्रसाद केशरी<br>प्रमुख प्रशासकिय अधिकृत | भोला प्रसाद गुप्ता<br>अध्यक्ष |

# व्यवसाय दर्ताको लागि चाहिने कागजातहरु

व्यवसाय दर्ताको लागि **प्रसौनी गाउँपालिकाको उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७८** अनुसार देहाय बमोजिमका कागजातहरु उपलब्ध गराउनु पर्नेछ ।

**देहाय**

१. केन्द्रीय वा प्रादेशिक कार्यालयमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. आन्तरिक राजस्व कार्यालयमा कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. व्यवसायीको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४. अनुसूची-१ बमोजिमको व्यवसाय कर दर्ता निवेदन,

५. गाउँपालिकाको आर्थिक ऐन बमोजिम दर्ता दस्तुर तिरेको रसिद,

६. व्यवसायीको पासपोर्ट साईजको फोटो – २ प्रति

७. रेकर्ड फाईल – १

व्यवसाय दर्ता/नवीकरण गराएर मात्र संचालन गर्नु तपाईको कर्तब्य हो । यसबाट उठेको कर गाउँवासीहरुको उत्थान तथा विकासको लागि प्रयोग गर्न यो कार्यालय प्रतिबद्ध छ । के तपाई प्रतिबद्ध हुनुहुन्छ ?

- व्यवसाय दर्ता शाखा

**अनुसूची-१**
कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

# व्यवसाय कर दर्ता निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
प्रसौनी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
प्रसौनी, बारा ।

विषयः व्यवसाय दर्ता गरि पाउँ बारे ।

मैले/हामीले निम्न स्थानमा ...........................................................................................व्यवसाय दर्ता गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम :...........................................................................................
२. स्थायी ठेगाना : ...........................................................................................
३. बाबु, बाजेको नाम : ...........................................................................................
४. व्यवसायको नाम : ...........................................................................................
५. व्यवसाय रहने ठेगाना : ...........................................................................................
६. व्यवसाय रहने घर/जग्गाधनीको नाम : ...........................................................................................
७. फोन नं.:............................................. इमेल ........................................... वेबसाइट ...................
८. व्यवसायको विवरण/प्रकृति : ...........................................................................................
९. पूँजी लगानी रु. ...........................................................................................
१०.अन्यत्र दर्ता भएको दर्ता नं. .................................... कार्यालयः ...........................................
११.परिचय पाटीको साइज : लम्बाई ........................ चौडाई ...................... वर्गफिट ................................

पेश गरेका कागजातहरुः नागरिकता प्रमाणपत्रको प्रतिलिपि, विदेशी नागरिककोहकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात, व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो (२ प्रति), अन्यत्र दर्ता भएको दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट अघिल्लो आर्थिक वर्ष सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

मैले/हामीले पेश गरेका माथि उल्लेखित कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

निवेदकको नामः
दस्तखतः
मितिः